# विद्यालय कसरी खोल्ने ?

## शिक्षकहरूका लागि पहिलो दिनमा गर्ने क्रियाकलापहरू










२०७२ साल वैशाख १२ गते शनिवार गएको भूकम्प पछि जनमानसमा तनाव भएको र अन्यौलको अवस्था छ, जसले गर्दा सामान्य जीवन सुचारु गर्नको लागि कठिनाइ भइरहेको छ । यस्तो अवस्थामा पनि शिक्षालाई निरन्तरता दिनु आवश्यक हुन्छ । अहिले जस्तो आपत्कालीन अवस्थामा शिक्षा किन चाहिन्छ भन्ने सन्दर्भमा नेपाल लगायत विश्व समुदायमा निम्नानुसार निष्कर्ष निकालिएको पाइन्छ :

**क) शिक्षाले शारीरिक, मनोसामाजिक र संज्ञानात्मक सुरक्षा प्रदान गर्दछ ।**

**ख) शिक्षा मौलिक अधिकार हो ।**

**ग) शिक्षा समुदायको प्राथमिकतामा पर्दछ ।**

**घ) शिक्षाले दैनिक जीवनमा फर्किन मद्दत गर्दछ ।**

**ङ) शिक्षाले अन्य राहत कार्यहरूसँग पनि सम्बन्ध राख्दछ ।**

भूकम्प प्रभावित क्षेत्रका बालबालिका तथा अन्य उमेर समूहका मानिसहरूलाई विभिन्न किसिमका शारीरिक तथा मानसिक चोट पुगेको हुनसक्छ । यस्तो चोटको मात्रा आपत्कालीन अवस्थाको तीव्रता र गहनता अनुसार व्यक्तिपिच्छे घटीबढी हुनसक्छ । प्रायः शारीरिक चोटपटक तत्काल पीडितमा देखिएका लक्षण तथा व्यक्त अनुभूतिबाट थाहा पाउन सकिन्छ । तर मानसिक चोट तत्काल थाहा पाउन नसकिने तर पीडितका व्यवहारहरूको निरन्तर विश्लेषणबाट पत्ता लगाउन सकिन्छ ।

मनोसामाजिक विज्ञहरूका अनुसार ७० प्रतिशत जति बालबालिका मानसिक चोट झेल्न सक्षम हुन्छन् । त्यस्तै २० देखि २५ प्रतिशत जति बालबालिका कमजोर अवस्थाका हुन्छन् । उनीहरूको मनोसामाजिक अवस्थालाई सबल बनाउन शिक्षक, सहजकर्ता, अभिभावक आदिको सहयोगको आवश्यकता पर्दछ । धेरै जसो बालबालिकालाई आफू सुरक्षित भएको जस्तो लाग्यो भने, दैनिक जीवनको खेल, मनोरञ्जन तथा साथीहरूसँगको घुलमिलबाट नै ठिक हुन्छन् ।

तर ३ देखि ५ प्रतिशत बालबालिकामा मानसिक चोटसँग लड्न सक्ने क्षमता अत्यन्त न्यून भएको हुन्छ । उनीहरूलाई मनोसामाजिक विशेषज्ञको सहयोगको आवश्यकता पर्दछ ।

तसर्थ अहिलेको अवस्थामा विद्यालय पुनःसञ्चालन गर्न विद्यार्थीले रुचाउने बालकेन्द्रित र दैनिक जीवनमा फर्किन मद्दत गर्ने क्रियाकलाप, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी खेल तथा छलफल बाट सुरु गर्न सकिन्छ ।

## विद्यालय खुलेको पहिलो दिनमा गर्ने क्रियाकलापहरू

### १. विद्यार्थीलाई स्वागत

अस्थायी सिकाइ केन्द्रको वा सुरक्षित विद्यालयका सुरुका दिनमा विद्यार्थी र अभिभावकलाई स्वागत गर्नु राम्रो हुन्छ । यसरी स्वागत गर्दा स्थानीय संस्कार, संस्कृति, धर्म, मूल्य र मान्यताअनुसार नै मौलिक तरिका अपनाउन सक्नुहुन्छ । जस्तैः अबिरको टीका लगाएर, फल दिएर, माला लगाएर, मिठाइ/खानेकुरा दिएर, स्वागत लेखेको कार्ड दिएर आदि ।

स्वागतलाई जीवन्त र हृदयस्पर्सी बनाउन सकियो भने उनीहरूलाई भएको चोट बिर्सन मद्दत गर्दछ । विद्यार्थी र अभिभावकलाई स्वागत क्रियाकलाप गराउन निम्नानुसारको तरिका अपनाउन सकिन्छ :

- विद्यार्थीका अभिभावकसँग सल्लाह गरेर कक्षा सुरु गर्ने दिन निर्धारण गर्नुहोस् ।
- कक्षा सुरु भएको पहिलो दिनमा उहाँहरूलाई पनि कक्षा कसरी सञ्चालन भएको छ अवलोकन गर्न आउन निमन्त्रणा गर्नुहोस् ।
- स्वागत कार्यक्रममा उपस्थित अभिभावकहरूलाई आ-आफ्नो नानीहरूसँगै बस्न लगाउनुहोस् ।
- पालैपालो विद्यार्थी र सम्बन्धित अभिभावकलाई कक्षाको अगाडि बोलाएर तपाईले तय गरेको विधि र तरिका अपनाएर स्वागत गर्नुहोस् ।
- स्वागतको क्रियाकलाप पूरा भएपछि सामान्य परिचय गर्न लगाउनुहोस् ।
- केही अभिभावकहरूलाई आ-आफ्नो जिज्ञासा र चासो भन्न लगाउनुहोस् । साथै केन्द्रमा सधैं पठाउन प्रोत्साहित गर्नुहोस् ।

यसरी कक्षामा अभिभावक र विद्यार्थीलाई स्वागत गर्दा एकअर्कोमा सम्मान गर्ने वातावरण तयार हुन्छ । यसलाई समय समयमा आवश्यकतानुसार फरक फरक तरिकाबाट अभ्यासमा ल्याइरहन पनि सक्नु हुन्छ ।

### २. एक-आपसमा परिचय

कक्षाका विद्यार्थीहरू बिच एकआपसमा नामबाट नै चिन्ने गरी परिचय क्रियाकलाप गराउनुहोस् । यस्तो क्रियाकलापमा तपाई पनि विद्यार्थीसँगै सहभागी हुनुहोस् । यसले तपाईलाई पनि सबै विद्यार्थीको नामबाटै बोलाउने क्षमताको विकास गराउँछ । नामबाट बोलाउँदा माया गरेको अनुभूति हुन्छ । सबैले सबैलाई चिन्नु भनेको समान अस्थित्व स्थापित हुनु पनि हो । यसरी कक्षामा सबैको समान इज्जत र सम्मान भएको वातावरण तयार गर्नुहोस् । त्यस्तै विद्यार्थीलाई तपाई भनेर सम्बोधन गर्नुहोस् र उनीहरूलाई पनि सोही भन्न लगाउनुहोस् । यसरी कक्षामा मानवीय मूल्य, मान्यता, आत्मियता र सहयोगको भावना जागृत गर्ने खालका क्रियाकलापहरू पनि गर्नुहोस् । एक आपसमा चिनजान गराउने समय समयमा थरिथरीका क्रियाकलापहरू गराउन सक्नुहुन्छ । जस्तै :

**क) हातबाट परिचय :**

- सबै विद्यार्थीहरूलाई एक एक ओटा एफोर साइजको पानामा आ-आफ्नो हातको चित्र बनाउन लगाउनुहोस् ।
- उक्त हातका औंलाभित्र आफूलाई चिनाउन चाहिने पाँच ओटा कुरा (नाम, ठेगाना, रुचि, कक्षा, उमेर) लेख्न लगाउनुहोस् ।
- मैनकलरले उक्त हातको चित्रलाई रङ् भर्न लगाउनुहोस् ।
- हातमा तयार गरेको परिचय पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।
- सबैको पानालाई सङ्कलन गरेर पुस्तक बनाउनुहोस् ।

### ३. अस्थायी सिकाइ केन्द्रका सामग्रीहरूको परिचय

अस्थायी सिकाइ केन्द्र वा सुरक्षित कक्षाकोठामा सकेसम्म स्थानीय रुपमा पाइने वा सङ्घ संस्था तथा नेपाल सरकारबाट उपलब्ध हुन सक्ने खेल तथा सिकाइ सामग्री राख्नुपर्दछ । यस्ता सामग्रीको परिचय विद्यार्थीलाई गराउँदा, शिक्षकले विद्यार्थीलाई विश्वास गरेको भान हुन्छ र सम्बन्ध विकास हुन्छ । विद्यार्थीलाई जिम्मेवार बनाउँछ । कक्षामा प्रयोग हुने कतिपय सामग्री नौला र नयाँ हुन सक्छन् । त्यस्ता सामग्रीका बारेमा स्वयम् शिक्षकले पहिले नै जान्नुपर्ने पनि हुन सक्छ । जब विद्यार्थीले सामग्रीको बारेमा जानकारी पाउँछ तब उसको मनमा भइरहेको जिज्ञासा पूरा हुन्छ । यसैले सुरुमा नै कक्षामा प्रयोग हुने सामग्रीको चिनारी र बेलाबेलामा त्यसको सही प्रयोगका लागि विद्यार्थीलाई सचेत गराउनुहोस् ।

**प्रक्रिया :**

अस्थायी सिकाइ केन्द्रमा प्रयोग गरिने सामग्रीहरू एक-एक गर्दै विद्यार्थीहरूलाई चिनाउनुहोस् ।

- यसरी चिनाउँदा त्यसको नाम, किन चाहिन्छ र कसरी प्रयोग गर्नुपर्छ बताएर वा आवश्यक भएमा प्रयोग गर्न लगाएरै सिकाउनुहोस् ।
- यस्तै कुन कुन सामग्री शिक्षकले मात्र र दुवैले प्रयोग गर्न सकिन्छ त्यो पनि प्रष्ट गर्नुहोस् ।
- यस्तै कक्षाका सामग्री जतन र व्यवस्थापन गर्ने जिम्मेवारी पनि विद्यार्थीहरूलाई नै दिनुहोस् ।
- जबचार्टबाट कामको बाँडफाँड गर्नुहुन्छ भने यो कामलाई पनि राख्नुहोस् । यसले विद्यार्थीलाई जिम्मेवार बनाउँछ । शिक्षकलाई पनि सजिलो हुन्छ ।

कक्षामा प्रयोग हुने सामग्रीहरू जस्तै : स्थानीय स्तरमा बनेका तथा किन्न पाइने खेलौना, कालो वा सेतोपाटी, चक, क्यालेण्डर, खेल सामग्री, कक्षाकोठाको नियम, समयतालिका, जबचार्ट, हाजिरी खाता, प्रगति अभिलेख, पाठयोजना, मेटाकार्ड, मैनकलर, साइनपेन, विद्यार्थीको कापी, किताब, पेन्सिल, इरेजर, पेन्सिल कटर, आदि हुन सक्छन् ।

### ४. अस्थायी सिकाइ केन्द्रमा गरिने क्रियाकलापको परिचय

विद्यालय पुनः सञ्चालन भएको एक दुई हप्तासम्म बालकेन्द्रित तथा बालबालिकालाई मनोसामाजिक सहयोग पुग्ने प्रकारका क्रियाकलापहरू गर्नु पर्दछ । भूकम्प नै के हो सिकाउने क्रियाकलाप पनि गर्न सकिएला । पाठ्यपुस्तकमा चाहिं केही हप्ता पछि मात्र प्रवेश गर्नु ठिक होला ।

**प्रक्रिया :**

- आफूलाई आउने बाल गीत गाएर सुनाउनुहोस् ।
- यस्तै रमाइला गीत जस्तै कम्तीमा एक हप्तासम्म गीत, खेल, कथा, नाटक तथा अभिनय, चित्र कोर्ने र रङ् भर्ने, ध्यान तथा योग जस्ता क्रियाकलापहरू गर्ने कुरा बताउनुहोस् ।
- ठूला बालबालिकालाई भने सामाजिक नक्सा जस्ता प्रोजेक्टवर्क, मनोरञ्जनात्मक नाँचगान र नाटक जस्ता क्रियाकलाप गराउन सकिन्छ ।
- शिक्षक आफै वा समयले भ्याएमा विद्यार्थीसँग छलफल गरी एक हप्ताको दैनिक समय तालिका बनाउनुहोस् र अस्थायी सिकाइ केन्द्रमा टाँस्नुहोस् । क्रियाकलापको नियमितताबाट विद्यार्थीहरूलाई दैनिक जीवनमा फर्किन मद्दत गर्दछ ।

### ५. सुरक्षित स्थानको पहिचान

भूकम्प पछिको अवस्थामा बालबालिका र अभिभावकलाई आफू तथा आफ्ना बालबालिका सुरक्षित स्थानमा रहेको जानकारी गराउनु पर्दछ । यसले, बालबालिका निर्धक्क भएर अस्थायी सिकाइ केन्द्रमा बस्न सक्छन् । अभिभावकलाई आफ्ना बालबालिका विद्यालयमा सुरक्षित रहेको अनुभूति भएमा उनीहरू निर्धक्क साथ अन्य कार्यमा लाग्न सक्छन् ।

**प्रक्रिया :**

- बालबालिका तथा अभिभावकलाई एक लाइनमा लगाएर बाहिर लग्नुहोस् ।
- अस्थायी सिकाइ केन्द्र बाहिर लगेर, सो केन्द्र सुरक्षित ठाँउमा रहेको बताइदिनुहोस् ।
- अस्थायी सिकाइ केन्द्र वरिपरि रहेका सुरक्षित तथा असुरक्षित ठाँउहरू चिनाउनुहोस् ।
- भूकम्प तथा अन्य विपद् आउँदा खेरि के गर्ने बताउनुहोस् ।
- भूकम्प तथा अन्य विपद्पछि कहाँ भेला हुने सुरक्षित स्थानको पहिचान गराउनुहोस् ।

***स्रोत :*** *विपद् पश्चातको लागि शिक्षण सहयोगी सामग्री, भाग १*

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०७२

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
शिक्षा समूह